नयाँ कोरोना भाइरस संक्रमण प्रति सजग रहने आवश्यकताबारे जिल्ला प्रमुखको सन्देश

जुलाई 30 तारिख

फुकुओका जिल्ला

० यस जिल्लामा प्रतिदिन बढिरहेको नयाँ संक्रमण सङ्ख्या १०० जना नाघिसक्यो। यो भन्दा बढि संक्रमणको फैलावट जसरी भएपनि नरोकि हुँदैन। फेरि एक पटक, यस जिल्लावासीहरू तथा व्यवसायीहरू समक्ष निम्न कुराहरू अनुरोध गर्न चाहन्छु।

(1) सर्वप्रथम, जिल्लावासीहरूले यो रोग "अन्य व्यक्तिलाई नसार्ने", "अन्य व्यक्तिबाट आफूमा नसार्ने", "आफूलाई संक्रमण भएको हुनसक्छ" भन्ने सोच सदैव राख्नुहोस् ।

① बाहिर निस्कँदा, तपाईंको स्वास्थ्य अवस्था सर्वप्रथममा, दोस्रो तपाईंको गन्तव्य स्थलको संक्रमण अवस्था र प्रयोग गर्नुहुने घर भवन वा सुविधा केन्द्रहरूमा अपनाइएका संक्रमण रोकथामका गतिविधि (उपाय)हरूका बारेमा जाँच गर्नुहोस् र निस्कन आवश्यक हो कि होइन निर्णय गर्नुहोस् ।

विशेष गरी, "ग्राहकसँगै खानपान गरी सत्कार गरिने रेस्टुरेन्ट आदि" मा संक्रमण बढी फैलिएको समाचार सुनिएको छ। संक्रमण रोकथामका गतिविधि पर्याप्त नअपनाइएको रेस्टुरेन्टको प्रयोग नगर्नहोस्।

साथै, भोज वा सामूहिक खानपानबाट पनि संक्रमण बढिरहेको छ। ठुलो सङ्ख्यामा भेला भई भोज वा सामूहिक खानपान नगर्नुहोस्।

② साथै, "मास्क लगाउने", "हात धुने", "अन्य व्यक्तिसँगको भौतिक दूरी कायम राख्ने", "सानमिचु (बन्द कोठा, धेरै भीड, एकआपसमा हातले छुन सकिने दूरी बाट गरिने कुराकानी तथा आवाज निकालिने अवस्था) बाट टाढा रहने", यी बूँदाहरूलाई पालन गर्नुहोस्।

③ संक्रमित व्यक्तिहरू मध्य, बीस वर्षदेखि उनन्चालीस वर्षसम्मका युवायुवतीहरू ६०% छन् र तिनीहरूमध्य अधिकांशमा लक्षण देखिएको छैन। युवा पुस्ताका व्यक्तिहरूले, गम्भीर लक्षण सजिलै देखापर्ने वृद्धवृद्धा, दीर्घ रोगी र बालबालिकामा संक्रमण नफैलियोस् भनी यहाँ व्यक्त गरिएका कुराहरूको पालना गर्नुहोस्।

(2) यदि संक्रमण भएको कुरा स्पष्ट भएको खण्डमा, स्वास्थ्य केन्द्रबाट अस्पतालमा भर्ना हुन वा उपचारका लागि आवासगृहमा जान गरिने अनुरोधलाई स्वीकार गरी त्यसको चाँडो भन्दा चाँडो पालना गर्नुहोस् ।

(3) यसका साथै, व्यवसायीहरू समक्ष

① हरेक व्यवसाय प्रकारलाई दिइएको निर्देशन अनुसार संक्रमण रोकथामका गतिविधिलाई पक्काका साथ अपनाउनुहोस्।

② साथै, रेस्टुरेन्ट पसल वा भोजन स्थलका सुविधा केन्द्रका आगन्तुकहरूले उक्त रोकथाम गतिविधिको बारेमा बुझ्न सकून् भनी जिल्ला कार्यालयबाट प्राप्त स्टिकर आदि देख्न सकिने स्थानमा राख्नुहोस्।

- अन्त्यमा, संक्रमित व्यक्तिको सम्पर्कमा आएको सम्भावना बारे सूचित गराउने स्मार्टफोन एप "कोकोआ" मा अवश्य दर्ता गर्नुहोस्।